नगर प्रमुख स्वरोजगार कार्यक्रम (सञ्चालन तथा ब्यवस्थापन) कार्यविधि २०७७

प्रस्तावना

हाल विश्वब्यापी महामारीको रुपमा रहेको कोभिड १९ का कारणस्वदेशी तथा वैदेशिक रोजगारीमा रहेका लाखौं युवाले रोजगारी गुमाउने सम्भावनालाई दृष्टिगत गर्दै, सुखी नेपाली सम्बृद्ध नेपालको अभियानलाई सार्थक तुल्याउन, सीप विकास सम्बन्धि तालिमहरुका साथै कृषि तथा पशुपालनका क्षेत्रमा युवा जनशक्तिलाई सहभागी गराई उत्पादन कार्यमा सहभागी गराउँदै, स्वरोजगारीमा आवद्ध हुन आकर्षित गरी मुलुकमा रहेको उच्च वेरोजगारीदरलाई कम गरी जीवन निर्बाहकैलागि बैदेशिक रोजगारीमा जानु पर्ने बाध्यतालाई कम गर्न र जीवन यापनका विविध पक्षबारे मार्ग दर्शन गरी नागरिकहरुको आर्थिक तथा सामाजिक जीवनमा सकारात्मक परिवर्तन गर्न चालु आ.व. २०७७।७८ मा नगरपालिकाले लिएको एक वडा दश रोजगारको नीतिलाई सार्थक तुल्याउन यो नगर प्रमुख स्वरोजगार कार्यक्रम (सञ्चालन र ब्यवस्थापन) सम्बन्धी कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

परिच्छेद १
संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यो कार्यविधिको नाम नगर प्रमुख स्वरोजगार कार्यक्रम (सञ्चालन तथा ब्यवस्थापन) कार्यविधि २०७७ रहेको छ ।

(२) यो कार्यविधि हरिवन नगरपालिका क्षेत्र भित्र लागू हुने छ ।

(३) यो कार्यविधि हरिवन नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले हरिवन नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "प्रमुख" भन्नाले हरिवन नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(घ) "कार्यक्रम" भन्नाले नियम (३) अनुसारको कार्यक्रमलाई सम्झनु पर्छ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले हरिवन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेबारी पाएको ब्यक्तिलाई सम्झनु पर्छ ।

(च) "समिति" भन्नाले यस कार्यविधिको दफा (५) को (१) अनुसारको कार्यक्रम सञ्चालन तथा निर्देशन समितिलाई सम्झनु पर्छ ।

(छ) " कार्यान्वयन समिति" भन्नाले यस कार्यविधिको दफा (७) को (१) अनुसारको वडा स्तरमा रहने कार्यक्रम कार्यान्वयन समितिलाई सम्झनु पर्छ ।

गणेश प्रसाद ...
नगर प्रमुख

(ज) "बेरोजगार" भन्नाले कुनै पनि पेशा ब्यवसायमा संलग्न नरहेको तथा कुनै आय आर्जन गर्ने काममा संलग्न नभएको ब्यक्तिलाई सम्झनु पर्छ ।

(झ) "उद्यमी" भन्नाले कुनै आफ्नै उद्योग, पेशा वा ब्यवसायमा आवद्ध भएको नागरिकलाई पर्छ ।

(ञ) "कृषक" भन्नाले कृषि तथा पशुपालन ब्यवसायमा संलग्न भएको नागरिकलाई सम्झनु पर्छ ।

(ट) "अधिकृत" भन्नाले हरिवन नगरपालिकाको यो कोष सञ्चालन सम्बन्धी कार्यगर्न जिम्मेबारी दिइएको अधिकृत स्तरको कर्मचारीलाई सम्झनु पर्छ ।

(ठ) "सदस्य सचिव" भन्नाले नियम ४ को १ अनुसार गठित कोष सञ्चालन समितिको सदस्य सचिवलाई सम्झनु पर्छ ।

परिच्छेद २
कार्यक्रमको लक्ष्य तथा उद्देश्य

३. कार्यक्रम उद्देश्य: (१) यस कार्यक्रमको देहाय अनुसारको उद्देश्य रहेको छ ।

(क) नगरपालिकाबाट बार्षिकरुपले रोजगारी सिर्जनाकालागि निर्धारण गरिएका कार्यक्रमको कार्यान्वियन मार्फत उद्यमशीलताको विकास गर्नु ।

(ख) सकारात्मक सोच युक्त नागरिकको विकास गर्नु ।

(ग) बैदेशिक रोजागारीमा जाने युवा जनशक्तिलाई आफ्नै मुलुकमा उद्यम गर्न आकर्षित गर्नु ।

(घ) बैदेशिक रोजगारीका क्रममा सिकेका ज्ञान र सीपको उपयोग गरी युवाहरुलाई स्वरोजगार हुन आकर्षित गर्नु ।

(ङ) कृषि तथा पशुपालन ब्यवसायमा युवा जनशक्तिलाई आकर्षित गर्नु ।

(च) स्थानिय स्तरमा सामाजिक पूँजीको निर्माणगरी आयस्तर वृद्धि गर्नु ।

(छ) नगरबासीलाई आर्थिकरुपले सक्षम तुल्याउनु,

(ज) सामाजिक जागरणको माध्यमबाट लैङ्गिक तथा जातिय विभेदको अन्त्य गर्नु,

(झ) स्थानिय तथा परम्परागत सीप र प्रविधिलाई संरक्षण र सम्बर्धन गर्नु, आधुनिकीकरण गरी बजारको मागमा आधारित रोजगारितामा वृद्धी गर्नु,

४. कार्यक्रम लक्ष्य: (१) युवाहरूलाई स्वरोजगारमा आकर्षित गरी आर्थिक रुपमले सक्षम र सवल तुल्याउँदै गुणस्तरीय जीवनयापनमा सहयोग गर्दै संमृद्ध नेपाल सुखी नेपालीको लक्ष्य प्राप्तिमा योगदान गर्नु ।

परिच्छेद ३
कार्यक्रम सञ्चालन र नियन्त्रण सम्बन्धी ब्यवस्था

५. कार्यक्रम सञ्चालन तथा निर्देशन समिति: (१) कार्यक्रम सञ्चालक तथा ब्यवस्थापन गर्न देहाय अनुसारको एक कार्यक्रम सञ्चालन तथा निर्देशन समिति रहने छ ।

क. नगर प्रमुख - अध्यक्ष

ख. नगर उप प्रमुख

ग. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ. वडा अध्यक्षहरु मध्येबाट नगर प्रमुखबाट मनोनित वडा अध्यक्ष २ जना- सदस्य

ङ. आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

च. प्राविधिक शाखा प्रमुख- सदस्य

छ. नगरको उद्योग बाणिज्य संघको अध्यक्ष - सदस्य

ज. प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी - सदस्य सचिव

(२) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) समितिको बैठकमा आवश्यकता अनुसार अन्य ब्यक्तिहरूलाई समेत आमन्त्रण गर्न सकिने छ ।

(६) आवश्यकता अनुसार समितिको बैठक अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउने छ ।

६. समितिको काम कर्तव्य र अधिकार: (१) समितिको काम कर्तव्य र अधिकार देहाय अनुसार हुने छ ।

क. कार्यक्रम सञ्चालन सम्बन्धी निती निर्धारण गर्ने,

ख. कार्यक्रम सञ्चालन सम्बन्धि मापदण्ड तोक्ने,

ग. कार्यक्रमको अनुगमन र निरीक्षण गर्ने,

घ. कार्यक्रम सञ्चालनकालागि बाह्य संघ सस्थाहरु सँग सहकार्य र समन्वय गर्ने,

ङ. कार्यक्रम सञ्चालनका क्रममा देखा परेका बाघा अड्काउहरु फुकाउने,

च. साझेदारीमा कार्यक्रम सञ्चालन गर्न चाहने संघ, सस्था सँग सम्झौता गर्ने र कार्यक्रम सञ्चालनको स्वीकृति प्रदान गर्ने,

छ. कार्यक्रम सञ्चालनका लागि आवश्यक कर्मचारीको परिचालन गर्ने,

ज. कार्यक्रम सञ्चालनका लागि आवश्यक ज्ञान सीप मूलक तालिमको पाठ्यक्रम स्वीकृत गर्ने.

झ. सीप मूलक तालिम सञ्चालन गर्ने ।

ञ. कार्यक्रम सञ्चालनका लागि साझेदार सहकारी सस्थाको छनौट गर्ने,

ट. कार्यक्रममा सहभागी हुने ब्यक्तिहरुको छनौट गर्ने,

ठ. छनौट भएका सहभागीहरुसँग सम्झौता गरी निजहरुलाई रकम उपलब्ध गराउने,

ड. कार्यक्रम सञ्चालन सँग सम्बन्धित आवश्यक अन्य कार्यहरू गर्ने,

७.कार्यक्रम कार्यान्वयन समिति : (१) कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्न वडा स्तरमा देहाय अनुसारको कार्यक्रम कार्यान्वयन समिति रहने छ ।

क. वडा अध्यक्ष- अध्यक्ष,

ख. वडा सदस्यहरु ४ जना -सदस्य

ग. स्थानीय सफल उद्यमी मध्येबाट वडा समितिले मनोनित गरेको १ जना -सदस्य

घ. वडा सचिव -सदस्य सचिव

८.कार्यक्रम कार्यान्वयन समितिको काम कर्तव्य अधिकार : (१) कार्यक्रम कार्यान्वयन समितिको काम कर्तव्य अधिकार देहाय अनुसार हुने छ ।

क. स्वरोजगार कार्यक्रममा सहभागीहुन इच्छुक ब्यक्तिहरुको आवेदन संकलन र छानविन गरी प्रारम्भिक सूची कार्यक्रम सञ्चालन तथा निर्देशन समिति समक्ष पेश गर्ने,

ख. कार्यक्रममा आवद्ध भई रोजगार ब्यवसाय गरिरहेका ब्यक्तिहरुले पेशा ब्यवसायलाई निरन्तरता दिए नदिएको अनुगमन गर्ने,

ग. कार्यक्रमको लागि छनौट भई पहिलो किस्ता लिएका ब्यक्तिहरुले पूरा गर्नु पर्ने कार्य पूरा गरे नगरेको अनुगमन गरी दोस्रो किस्ताको लागि सिफारिस गर्ने ।

घ. तोकिएको समय सम्म पेशा ब्यवसाय निरन्तर नगरेमा निजले लिएको अनुदान असुल उपर गर्न सिफारिस गर्ने।

ङ. कार्यक्रम अन्तरगत प्राप्त हुने अनुदानको सही प्रयोग गर्ने गराउने ।

च. कार्यक्रमा सहभागी भएका ब्यक्तिहरुका समस्या समाधानमा आवश्यक पहल गर्ने ।

छ. रोजगारको लागि आवश्यक तालिम कार्यक्रम सञ्चालनमा ब्यवस्थापकीय सहजीकरण गर्ने ।

९. वजेट सम्बन्धि ब्यवस्था: (१) कार्यक्रमको लागि नगर सभाबाट रोजगारी सिर्जना गर्ने उद्देश्यले विनियोजित वजेट तथा अन्य कुनै संघ संस्थाबाट कार्यक्रम सञ्चालनकालागि उपलब्ध हुने बजेट नै यस कार्यक्रमको लागि निर्धारित वजेट हुनेछ ।

१०. वजेट उपयोगमा वन्देज: (१) कार्यक्रमका लागि दफा ६ अनुसार विनियोजित वजेट उद्यमीहरुलाई अनुदान उपलब्ध गराउन, पेशा ब्यसाय उद्यमको सुरक्षणका लागि विमा प्रिमियम, ब्याज अनुदान र स्वरोजगार कार्यक्रम सँग सम्बन्धित आवश्यक पर्ने प्रशासनिक कार्यमा बाहेक अन्य कार्यमा उपयोग गर्न पाइने छैन ।

परिच्छेद ४
कार्यक्रम अन्तर्गत सञ्चालन हुने क्रियाकलापहरु

११. कार्यक्रम अन्तर्गत रहेने स्वरोजगारका मुख्य क्षेत्रहरु: (१) यस कार्यक्रम अन्तर्गत स्वरोजगारका निम्न क्षेत्रहरुलाई समेटिने छ।

(क) कृषि तथा कृषिमा आधारित साना लघु उद्यम,

(ख) पशुपन्छी तथा पशुपन्छीमा आधारित ब्यवसाय,

(ग) वन जङ्गल तथा प्राकृतिक खनिज पदार्थमा आधारित ब्यवसाय,

(घ) हस्तकला तथा बास्तुकला सम्बन्धी ब्यवसाय,

(ङ) सौन्दर्य प्रशाधन सम्बन्धी ब्यवसाय,

(च) साना तथा मझौला प्रकृतिका पसल ब्यवसाय,

(छ) सूचना प्रविधिसँग सम्बन्धित ब्यवसाय,

(ज) प्रत्यक्ष आय आर्जन तथा रोजगारीमा सघाउ पुग्ने अन्य पेशा ब्यवसाय वा सेबा मुलक कार्य,

१२.कार्यक्रममा सहभागी हुन चाहिने योग्यता : (१) यस कार्यक्रममा देहाय अनुसारको योग्यता भएका नेपाली नागरिकले सहभागी हुन सक्ने छन ।

(क) हरिवन नगरपालिकामा स्थायी वसोबास भएको नेपाली नागरिक

(ख) १८ वर्ष पूरा भएको

(ग) कुनै तालिम तथा सीप आवश्यक पर्ने ब्यवसाय भए सो सम्बन्धी तालिम लिएको वा सीप हासिल गरेको (स्पष्टीकरण: सीप हासिल गरेको भन्नाले परम्परागत रुपमा वा कुनै आधिकारिक तालिम प्रदायक निकायबाट प्रदान हुने तालिम बिनै हासिल गरिएको सीपलाई जनाउँछ र यस्तो सीप हासिल भएको ब्यक्तिहो भन्ने सिफारिस कार्यक्रम कार्यान्वयन समितिले गरेको हुनु पर्ने छ ।)

१३. निवेदन साथ पेश गर्नु पर्ने कागजात: यस कार्यक्रममा सहभागी हुन अनुसूची १ अनुसारको निवेदन साथ निम्न कागजातहरु पेश गर्नु पर्ने छ ।

(क) नेपाली नागरिकताको प्रमाण पत्र

(ख) एकल महिला अपाङ्ग दलित जनजाती तथा अल्प संख्यक सहभागी हुन पाउने कार्यक्रमको लागि सो समूहमा पर्ने कुरा खुल्ने प्रमाण

(ग) आफूले गर्न चाहेको पेशा ब्यवसायको अनुसूची २ अनुसारको प्रस्ताव पत्र ।

(घ) आफूले गर्न चाहेको पेशा ब्यवसाय सम्बन्धी कुनै तालिम लिएको भए सो को प्रमाण पत्र र सीप हासिल गरेको भए कार्यक्रम कार्यान्वयन समितिको सफारिस ।

(ङ) बैदेशिक रोजागरीबाट फर्किएको भए बैदेशिक रोजगारीमा गई फर्किएको देखिने भिषा वा सो देखिने पासपोर्टको प्रतिलिपि ।

(च) शैक्षिक योग्यताको प्रमाण पत्र, (साक्षर ब्यक्तिहरु सहभागी हुन पाउने कार्यक्रको लागि आवश्यक नपर्ने)

(छ) उक्त पेशा ब्यवसाय कम्तिमा ५ वर्ष सम्म निरन्तर सञ्चालन गर्छु भन्ने स्वघोषणा,

(ज) पासपोर्ट साइजको ३ प्रति फोटो,

१४. रकम उपलब्ध गराउने र असुल उपर गर्ने प्रक्रिया: (१) प्राप्त आवेदनहरूको छानविन गरी कार्यक्रम कार्यान्वयन समितिले सिफारिस गरेका स्वरोजगार कार्यक्रममा आवद्ध हुन चाहने ब्यक्तिहरुमध्येबाट कार्यक्रम सञ्चालन तथा निर्देशन समितिले छनौट गरेका ब्यक्तिहरूलाई समितिको निर्णय अनुसारको रकम सम्झौता गरी अनुदान स्वरुप उपलब्ध गराइने छ ।

(२) छनोट भएका ब्यक्तिहरुलाई उपलब्ध गराइने अनुदान रकम निजको खातामा दुई किस्ता गरी उपलब्ध गराइने छ ।

(३) पहिलो किस्ता प्राप्त गरेको १ महिना भित्रमा पहिलो किस्ता बापत पूरा गर्नु पर्ने कार्य सम्पन्न गरी दोस्रो किस्ता लगि सक्नु पर्ने छ ।

(४) दोस्रो किस्ता रकम प्राप्त गरेको २ महिना भित्रमा सम्झौतामा उल्लेख भए अनुसारको पेशा ब्यवसाय सञ्चालन गरी स्वरोजगार हुनु पर्ने छ ।

(५) स्वरोजगार कार्यक्रममा आवद्ध भै अनुदान प्राप्त गर्ने ब्यक्तिलाई समूहगतरुपमा आवद्ध हुन अभिप्रेरित गरिने छ आवद्ध युवाहरु नगरपालिकाले बेलाबेलामा बोलाएको बैठक वा छलफलमा सहभागी हुनु पर्ने छ ।

(६) सम्झौता अनुसारको कार्य नगरेमा अनुदान रकम निजबाट असुल उपर गरिने छ ।

(७) अनुदान प्राप्त गर्ने ब्यक्तिले सञ्चालन गरेको पेशा ब्यवासयको नाम लेखिएको बोर्डको उपयुक्त भागमा कोष्ठ भित्र "हरिवन नगरपालिकाबाट नगर प्रमुख स्वरोजगार कार्यक्रम अन्तर्गत अनुदान प्राप्त ब्यवसाय" भनी उल्लेख गर्नु पर्नेछ ।

(८) सम्झौता अनुसारको पहिलो किस्ता अनुदान उपलब्ध गराउँदा सम्झौता गरिएका युवाहरुलाई नगरपालिकाले वडागत रुपमा वा एकै पटक अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी उपलब्ध गराइने छ ।

१५. सहकारीको छनौट गर्न सकिने : (१) यो कार्यक्रम सञ्चालनको लागि समितिले साझेदार सहकारीको छनौट गरी कार्यक्रम सञ्चालन गर्न सक्ने छ।

(२) समितिले साझेदार सहकारी मार्फत कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेमा साझेदार सहकारी छनौट गर्न कम्तिमा ७ दिनको समय दिई दरखास्त आह्वान गर्नु पर्ने छ ।

(३) साझेदार सहकारी हरिवन नगरपालिकालाई सेवाक्षेत्र बनाई कार्यरत रहेको र सकेसम्म प्रधान कार्यालय हरिवन नगरपालिकामा रहेको हुनु पर्ने छ ।

(४) कम्तिमा ३ वर्ष सम्म सेवा गरेको सहकारी सस्थालाई मात्र यस कार्यक्रमको लागि साझेदार सहकारीको रुपमा छनौट गर्न सकिनेछ ।

(५) सहकारी सस्थाको नियमित लेखापरीक्षण गरेको र नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने कर तथा कागजात, प्रतिवेदन नियमित बुझाएको हुनु पर्ने छ ।

(६) कार्यालयको स्थापना गरी नियमितरुपमा सेवा दिइरहेको र लक्षित समुदायको जीवनस्तर सुधार ल्याउनमा समर्पित रहेको सहकारी हुनु पर्ने छ ।

१६.अनुदानको प्रकार र सीमा : (१) यस कार्यक्रम अन्तर्गत सञ्चालन हुने ब्यवासयका लागि परियोजना प्रस्तावको आधारमा अधिकतम अनुदानको सीमा देहाय अनुसार हुनेछ।

(क) **नगर प्रमुख युवा उद्यम विकास कार्यक्रम :** यस कार्यक्रम अन्तर्गत सञ्चालित पेशा ब्यवसायको लागि ३ लाख सम्म, यस कार्यक्रम अन्तर्गत कृषि तथा पशुपालन ब्यवसायलाई समावेश गरिने छ ।

(ख) **नगर प्रमुख स्वरोजगार कार्यक्रम** : यस कार्यक्रम अन्तर्गत सञ्चालित पेशा ब्यवसायको लागि रु १ लाख सम्म, यस कार्यक्रम अन्तर्गत परम्परागत सीप र प्रविधिमा आधारित उद्यमलाई समाबेश गरिने छ ।

(ग) **नगर आर्थिक कल्याण योजना**: यस कार्यक्रम अन्तर्गत सञ्चालित पेशा ब्यवसायको लागि रु ५० हजार सम्म,

(घ) **प्राङ्गारिक तरकारी बाली प्रवर्धन कार्यक्रम**: यस कार्यक्रम अन्तर्गत प्राङ्गारिक तरकारी खेती गर्ने कृषकलाई रु २ लाख सम्म,

(ङ) **वैदेशिक रोजगारीबाट फर्किएका युवा प्रवर्तनात्मक परियोजन कार्यक्रम**: यस कार्यक्रम अन्तर्गत परियोजनाको आधारमा अधिकत रु ५ लाख सम्म ।

(२) नगरपालिकाको चालु आर्थिक वर्षको बार्षिक योजना तथा कार्यक्रम र विनियोजित बजेट समेतलाई आधारमानी उद्यमीलाई उपदफा १ अनुसारको कार्यक्रममा विभाजन गरी अनुदान प्रदान गर्नु पर्ने छ ।

१७. सस्थागत संरचना: (१) यस कार्यक्रमलाई प्रभावकारी रुपले सञ्चालन गर्न नगरपालिकामा एक जना अधिकृत स्तरको कर्मचारीलाई युवा सीप विकास तथा रोजगारी ब्यवस्थापनको फोकल पर्सन तोकी जिम्मेवारी दिइने छ ।

१८. कार्यक्रम सञ्चालनको मोडालिटी: निजी र सहकारीक्षेत्र सँग साझेदारी गरी यो कार्यक्रम निजी, सहकारी र सार्वजनिक साझेदारी (Private, Co-operetives, Public Partnership)को अवधारणा अनुसार सञ्चालन हुने छ

१९. सूचना केन्द्रको स्थापना: नगरपालिकामा रोजगार सूचना केन्द्रको स्थापना गरी युवा रोजगारी सम्बन्धि सूचना सहितको डाटावेस क्रमश ब्यवस्थित गर्दै लगिने छ ।

२०.युवा प्रोत्साहन तथा पुरस्कार: नगरपालिकामा युवाहरुले सञ्चालन गरेका उदाहरणीय र अन्वेषणात्मककार्य, उद्यम तथा व्यवसायमा सङ्लग्न युवालाई प्रोत्साहन तथा पुरस्कार गर्ने, श्रब्य दृष्य तयार गरी प्रचास प्रसार गर्ने जस्ता कार्य गरी हौसला बढाइने छ ।

२१. ब्याज विमा प्रिमियम र ब्याज अनुदान शर्त तथा वितरण प्रक्रिया:

क. विमा शुल्क: कार्यक्रम अन्तर्गत सञ्चालित ब्यवसायिक कृषि तथा पशुपन्छी पालन व्यवसायको सतप्रतिशत र अन्य ब्यवसायको विमा प्रिमियममा ५० प्रतिशत रकम नगरपालिकाले ब्यहोर्ने छ र बाँकी ५० प्रतिशत रकम सम्बन्धित उद्यमीले ब्यहोर्नु पर्ने छ ।

ग. ब्याज अनुदान: यस कार्यक्रममा आवद्ध भइ नियमित रुपले पेशा ब्यवसाय सञ्चालन गरिरहेका ब्यक्ति वा फर्म, बैङ्क र नगरपालिका सँग भएको त्रिपक्षिय सम्झौता अनुसार पेशा ब्यवसाय सञ्चालन गर्न बैङ्कबाट लिएको ऋणमा लाग्ने ब्याज बापतको रकम ब्याज अनुदान स्वरुप बैङ्कलाई भुक्तानी गर्न सकिने छ ।

२२. ब्यक्तिगत रुपमा अनुदान उपलब्ध गराइने: (१) दफा १६ को देहाय (ग) अनुसार नगर आर्थिक कल्याण योजना अन्तर्गत एकल रुपमा देहायका काम गरी स्वरोजगार हुन चाहने आर्थिक रूपले विपन्न सीप युक्त

युवाहरुलाई व्यवसाय सञ्चालन गर्न आवश्यक पर्ने आधारभूत सामाग्री खरिद गर्नको लागि अधिकतम रु ५० हजार सम्म एकल रुपमा अनुदान उपलब्ध गराउन सकिने छ ।

क.स.	व्यवसाय	व्यवसायको लागि अनुदान उपलब्ध हुने आवश्यक आधारभूत औजार उपकरण
१	उखु तथा फलफूल जुस पसल	उखु पेल्ने मेसिन, ग्रान्डर, जुसर
२	प्लम्बिङ् र हाउस वायरिङ्	प्लम्बिङ् र हाउस वायरिङ् गर्न चाहिने आवश्यक आधारभूत औजार उपकरण
३	सिलाइ कटाइ (गार्मेन्ट टेलरिङ्)	एकवटा सम्म सिलाई मेसिन, कैंची, कुर्सी- टेवल आदि
४	ब्युटी पार्लर	हेयर ड्रायर, कर्लर, स्टेटलर, क्रम्पिङ् मेसिन, सिजर सेट, लेयर कटिङ् सिजर, कम्बो सेट, ब्यूटी पार्लर चियर आदि
५	ढाका बुनाइ	ढाका तान र एक पटकको‌लागि कच्चा पदार्थ
६	क्रिस्टल गहना बनाउने	एक पटकको‌लागि कच्चा पदार्थ र औजार उपकरण
७	इम्ब्रोइडरी	इम्ब्रोइडरी गर्न आवश्यक औजार उपकरण
८	डकर्मी (Carpenter)	wood planer, Hammer Drill, Angel Grinder, Circul Saw, Drill Stand, Glue gun, Jigsaw, Screw driver जस्ता आवश्यक औजार उपकरण
९	अन्य	एकल रुपले सञ्चालन गर्न सकिने अन्य व्यवसायको लागि आवश्यक औजार उपकरण

(२) यस प्रकारको अनुदान व्यवसायमा प्रवेश गर्न चाहने नयाँ युवाहरुलाई पहिलो प्राथमिकतामा राखी उपलब्ध गराइने छ ।

(३) सञ्चालनमा रहेका ब्यवसायीको ब्यवसायलाई थप सुधार तथा स्तरोन्नती गर्न समेत समितिको निर्णय अनुसार अनुदान उपलब्ध गराउन सकिने छ ।

(४) यो अनुदान प्राप्त गर्नको लागि वडाको सिफारिस अनिवार्यरुपले पेश गर्नु पर्ने छ ।

(५) निर्धारित कोटा भन्दा बढी निवेदन परेमा एकल महिला, दलित र आर्थिक अवस्था कमजोर भएका, सीपयुक्त, युवाहरुलाई प्राथमिकता दिइ काम गर्ने प्रतिवद्धता समेतको अध्ययन गरी कार्यक्रम कार्यान्वयन समितिले गरेको सफारिस तथा समितिको निर्णय अनुसार छनोट गरी अनुदान उपलब्ध गराईने छ ।

गणेश प्रसाद प्रसाइ
नगर प्रमुख

(६) छनोटमा परेका युवाहरुलाई ब्यवसायिक कामको सफलताका लागि ब्यवहार कौशल सीप (Soft Skills) सम्बन्धी तालिम प्रदान गरिने छ ।

(७) समितिले उपदफा १ मा उल्लेखित व्यवसाय तथा ब्यवसायको लागि आवश्यक पर्ने सामाग्रीको सूचीमा थप घट र परिमार्जन गर्न सक्ने छ ।

परिच्छेद ५
विविध

२३.अनुदान मिनाहा हुने : (१) कुनै उद्यमीले लिएको अनुदान अनुसारको कार्य सम्पन्न नहुँदै उद्यमीको मृत्यु भएमा समितिले उक्त अनुदान अनुसारको कार्य गर्न निजको उत्तराधिकारीलाई अनुरोध गर्ने छ । तर निजको उत्तराधिकारीले उक्त कार्य गर्न नसक्ने देखिएमा निजलाई दिइएको अनुदान मिनाहा दिन सक्ने छ ।

२४. लेखा र लेखा परीक्षणः (१) आय ब्ययको लेखा प्रचलित कानून बमोजिम राखिने छ ।

२५. प्रतिवेदन पेश गर्ने: (१) समितिले कार्यक्रम अनुसार भए गरेका काम र वजेटको अवस्था सहितको बार्षिक प्रतिवेदन कार्यपालिकाको बैठकमा पेश गर्नु पर्ने छ ।

(२) प्राप्त प्रतिवेदन कार्यपालिकाले बार्षिक रूपमा सार्वजिनक गर्नु पर्ने छ ।

२६. बैठक भत्ता : समितिका अध्यक्ष तथा सदस्यहरूले सो समितिको बैठकमा भाग लिए बापत कार्यपालिकाले तोके बमोजिमको बैठक भत्ता पाउने छन् ।

२७. निर्देशन दिन सक्ने: कार्यपालिकाले समितिको काम कारबाहीको सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

२८.यस कार्यविधि अनुसार कार्यक्रम सञ्चालन गर्न सकिने: रोजगार सँग सम्बन्धित हने प्रकृतिका कार्यक्रमहरु यसै कार्यविधि अनुसार गर्न सकिने छ ।

२९. संशोधन/ खारेजी सम्बन्धी ब्यवस्था: (१) यस कार्यविधिमा संशोधन/ परिमार्जन गर्ने तथा खारेजी गर्ने अधिकार कार्यपालिकामा रहनेछ ।

अनुसूची १

दफा १३ सँग सम्बन्धित

निवेदनको ढाँचा

मितिः ....

श्रीमान प्रमुख ज्यू

हरिवन नगरपालिका, हरिवन

मार्फत श्री मान वडा अध्यक्ष ज्यू वडा नं ..... हरिवन नगरपालिका

विषयः **ब्यवसाय सञ्चालन गरी स्वरोजगार बन्नको लागि अनुदान उपलब्ध गराई पाउँ ।**

महोदय

म .... यस नगरपालिकाको वडा नं ....को स्थायी बासी .... स्थानमा .... व्यवसाय सञ्चालन गरी **स्वरोजगार भई रहेको / स्वरोजगार हुन चाहेको** हुँदा उक्त ब्यवसायको विकास र विस्तारका लागि तहाँ नगरपालिकाबाट मेरो ब्यवासायलाई **एक वडा दश रोजगार र युवा स्वरोजगार तथा उघमशीलता विकास कार्यक्रम**मा आवद्ध गरी अनुदान उपलब्ध गराई दिन हुन ब्यवसायको व्यवसायिक प्रस्ताव पत्र यसैसाथ संलग्न राखी अनुरोध गर्दछु । उक्त अनुदान प्राप्त गरेमा म सम्झौता अनुसारका सबै क्रियाकलापहरु समयमै सम्पन्न गरी निरन्तर ५ वर्ष सम्म उक्त ब्यवसाय सञ्चालन गरी स्वरोजगार हुने प्रतिवद्धता ब्यक्त गर्दछु ।

निवेदक

नामः ....

पदः ....

हस्ताक्षरः ....

संलग्न कागजातहरु

१. ....

२. ....

३. ....

वडा स्तरीय कार्यक्रम कार्यान्वयन समितिको सिफारिस

श्री मान प्रमुख ज्यू

निवेदक श्री.....................................ले यस नगरपालिकाको वडा नं .... मा .... व्यवसाय सञ्चालन गरिरहेको/ सञ्चालन गर्न चाहेको हुँदा निजलाई उक्त ब्यवासयको लागि अनुदान उपलब्ध गराइ दिनहुन कार्यक्रम कार्यान्वयन समितिको मिति ....को निर्णय अनुसार सिफारिस साथ अनुरोध छ ।

वडा अध्यक्षको नाम: ....

हस्ताक्षर: ....

अनुसूची २

दफा १३ को देहाय ग सँग सम्बन्धित

व्यवसायिक प्रस्ताव पत्र

१. व्यवासयको नाम: ....

२. व्यवसाय सञ्चालक प्रोपराइटरको नाम: ....

३. ब्यवसाय सञ्चालन हुने स्थान: ....

४. ब्यवसायको उद्देश्य: ....

५. ब्यवसायको विषय क्षेत्र: ....

६. ब्यवसाय सुरु गरिएको वा सुरु हुने मिति: ....

७. ब्यवासयमा प्रत्यक्ष संलग्न हुने जनशक्ति: ....

८. ब्यवसायबाट उत्पन्न हुने अप्रत्यक्ष रोजगारी: ....

९. ब्यवासयको अनुमानित लागत : ....

१०. यो उद्यमनै रोज्नुको कारण: ....

११. उत्पादित वस्तुको बजार क्षेत्र: ....

१२. ब्यवसायबाट हुने अनुमानित आम्दानी: ....

१३. उद्यमको विस्तार तथा विकासकोलागि थप गर्नु पर्ने स्रोत साधन तथा प्राविधि

क्रस	स्रोत साधन र प्रविधिको नाम	अनुमानित लागत	कैफियत

१४.उद्यम ब्यवसायको विस्तारको लागि थप गर्नु पर्ने आवश्यक कच्चा पदार्थ सम्बन्धी विवरण

क्रस	कच्चा पदार्थको नाम	स्रोत	अनुमानित लागत	कैफियत

प्रस्तावकको नाम थर: ....

ठेगाना: ....

हस्ताक्षर: ....

मिति: ....

अनुसूची ३

दफा १३ को देहाय ग सँग सम्बन्धित

नगर प्रमुख स्वरोजगार कार्यक्रम सञ्चालनको लागि द्वीपक्षीय सम्झौता पत्र

श्री हरिवन नगरपालिका नगर कार्यपालिकाको कार्यालय (यस पछि पहिलो पक्ष भनिने) र सर्लाही जिल्ला हरिवन नगरपालिका वडा नं ...... , ... स्थानमा स्थापना भएको श्री ....का प्रोपराइटर वा अध्यक्ष श्री .... बीच (यस पछि दोस्रो पक्ष भनिने) बिच साझेदारी/ सहकार्यमा आव २०७७।७८ को स्वीकृत एक वडा दश रोजगार र युवा स्वरोजगार तथा उद्यशीलता विकास कार्यक्रम अन्तर्गत .... व्यवसाय सञ्चालन गर्न तपसिल बमोजिमका शर्तका अधिनमा रही यो सम्झौता पत्रमा हस्ताक्षर गरि लियौ दियौ ।

सम्झौताका शर्तहरु

१. ....
२. ....
३. ....

हस्ताक्षर

दोस्रो पक्षको तर्फबाट	प्रथम पक्षको तर्फबाट
नाम थर:	नाम थर:
हस्ताक्षर:	हस्ताक्षर:
मिति:	मिति:

साक्षी

गणेश प्रसाद प्रधान
नगर प्रमुख